# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## माडी गाउँपालिका

## रोल्पा





**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## माडी गाउँपालिका
## रोल्पा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश लेखापरीक्षण निर्देशनालय)

पत्र संख्याः २०७९।८०
च.नं. ५९ मितिः २०७९।१२।२५

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
माडी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
रोल्पा ।

**कैफियत सहितको राय**

हामीले माडी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. १ करोड ५८ लाख ५७ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. २ लाख ४९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५९ लाख ७६ हजार, नियमित गर्नुपर्ने रु ९६ लाख ३२ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु २ करोड ७३ लाख ४४ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ३ करोड ३७ लाख ९७ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर/गाउँ कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

# माडी गाउँपालिका, रोल्पा

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६९ | २६ | १५८५७ | ० | ० | ० | ६९ | २६ | १५८५७ | २४९ | ९६३२ | ५९७६ | ० | ० | १५६०८ | ० |

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| माडी गाउँपालिका रोल्पा | २७३४४ | ० | ९४०४ | १७९४० | ० | १५८५७ | ३३७९७ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : माडी गाउँपालिका, रोल्पा , माडी गाउँपालिका , रोल्पा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | जगत बहादुर घर्ती | २०७९-५-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सुरज राना | २०७६-९-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १५,८५६,६९१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २,८४,४०,८४१.५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २७,३०,५९,००० | **चालु खर्च** | २२,८८,०७,०५८ |
| **प्रदेश सरकारबाट अनुदान** | ४,१६,९९,००० | **पूँजीगत खर्च** | १२,३०,९७,८५३ |
| **राजश्व बाँडफाँट** | ६,८५,५१,९८२.९७ | **वित्तीय/अन्य व्यवस्था** | १२,६४,७७,५७६ |
| **आन्तरिक आय** | २८,२७,१६८ | | |
| **अन्य आय** | ९,६५,३७,९३५ | | |
| **कुल आय** | ४८,२६,७५,०८५.९७ | **कुल खर्च** | ४७,८३,८२,४८७ |
| **बाँकी मौज्दात** | | ३,२७,३३,४४०.६५ | |

| क्र.सं. | भौ.नं. | भौ.मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **स्थानीय संचित कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ। पालिकाबाट भएको सम्पूर्ण आर्थिक कारोबार सुत्र प्रणालीको म.ले.प.फा.नं.२७२ मा समावेश नभएको भनि पालिकाले एकिकृत आय-व्यय पेश गरेकोले सोहि अनुसार लेखापरीक्षण गरिएको छ ।सबै कारोवार म.ले.प.फा. २७२ मा राखी पेश गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ। | |

| सि.नं. | आय तर्फ | | | सि.नं. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | | १ | **चालु खर्च** | ० | २२८८०७०५८ |
| | क) नगद | | ० | २ | **पूँजीगत खर्च** | ० | १२३०९७८५३ |
| | ख) बैंक | | २८४४०८४१.५ | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | | | | क) ऋण भुक्तानी | | ० |
| | क) आन्तरिक राजस्व | | २८२७१६८ | | ख) ब्याज भुक्तानी | | ० |
| | ख) राजस्व बाँडफाँड | | ६८५५१९८२.९७ | | ग) अन्य भुक्तानी | | ० |

| क्र.सं. | भौ.नं. | भौ.मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ग) अन्य आय | | ८४३२१०१ | ४ | **लगानी** | | |
| **३** | **वित्तीय हस्तान्तरण** | | | | ऋण लगानी | | ० |
| | क) वित्तीय समानीकरण अनुदान | | ८२७००००० | | शेयर लगानी | | ० |
| | ख) सशर्त अनुदान | | १७३५५९००० | | अन्य लगानी | | ० |
| | ग) समपूरक अनुदान | | ४२००००० | **५** | **धरौटी फिर्ता** | | ३४६१२२ |
| | घ) विशेष अनुदान | | १२६००००० | **६** | **कोष खर्च** | | १३२५१० |
| | | | | **७** | **अन्तर सरकारी** | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | ७.१ | खर्च | | ७३९३७९५३ |
| | क) वित्तीय समानीकरण अनुदान | | ३८२५००० | ७.२ | मौज्दात | | १२२५९५९१ |
| | ख) सशर्त अनुदान | | ८५४४००० | ८ | **मौज्दात** | | |

| क्र.सं. | भौ.नं. | भौ.मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ग) समपूरक अनुदान | | १५०००००० | | **क) नगद मौज्दात** | ० | ० |
| | घ) विशेष अनुदान | | ९७००००० | | **ख) बैंक मौज्दात** | | |
| | ङ) कोभिड विशेष | | ४६३०००० | | चालु खर्च | ० | |
| ५ | **अन्तर सरकारी** | | ८६१९७५४४ | | पूजिगत खर्च | ० | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | | संचित कोष | २७९९१३२८.३९ | |
| | क) ऋण प्राप्ति | | ० | | मर्मत सम्भार कोष | ० | |
| | ख) साँवा प्राप्ति | | ० | | विपद व्यवस्थापन | ६७३५८८ | |
| | ग) ब्याज प्राप्ति | | ० | | कर्मचारी कल्याण कोष | ० | |
| | घ) अन्य प्राप्ति | | ० | | धरौटी | ४०६८५२४.२६ | |
| ७ | **विभिन्न कोषतर्फको आय** | | ० | | **जम्मा मौज्दात** | ० | ३२७३३४४०.६५ |

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ.मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८</td><td>जनसहभागिता (नगद)</td><td></td><td>०</td><td>९</td><td>शसर्त अनुदान फिर्ता</td><td>०</td><td>३९८०१४००</td></tr>
<tr><td>९</td><td>विषयगत निकायबाट प्राप्त रकम</td><td></td><td>०</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१०</td><td>धरौंटी आय</td><td></td><td>१९०८२९०</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>११</td><td>लगानीको साँवा फिर्ता</td><td></td><td>०</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१२</td><td>अन्य विविध आय</td><td></td><td>०</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>५११११५९२८</td><td></td><td>जम्मा</td><td></td><td>५११११५९२८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>परिचय<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु माडी गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ६ वडा, ३३ सभा सदस्य, १२९.०१ वर्ग किलोमिटर क्षेत्रफल तथा १७९८६ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>लेखापरीक्षण<br>लेखापरीक्षणमा पेश भएको स्रेस्ता तथा आर्थिक कारोबारहरूको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मानदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरिएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्र.सं. र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको</td><td></td></tr>
</table>

| क्र.सं. | भौ.नं. | भौ.मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरू उपर मिति २०७९।६।४ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरू निम्न अनुसार छन्: | |
| ४ | | | **लेखापरीक्षणको क्र.सं.मा असुली**<br>लेखापरीक्षणको क्र.सं.मा विद्यालयमा दिवा खाजामा वढी निकासा रु १००७२५ , अग्रिम कर कट्टी ३७५० र बढी भ्रमण खर्च रु २७२५० गरि जम्मा रु १३१७२५ असुल भएको छ । | |
| ५ | | | **वित्तीय विवरण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।सञ्चित कोषको कारोवारको लेखा अध्यावधिक गरी कारोवारलाई पारदर्शी बनाउन आवश्यक देखिन्छ ।<br>• लेखापरीक्षणका क्र.सं.मा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय—व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>• कतिपय सम्बन्धित आर्थिक कारोबारहरूको गोश्वरा भौचर बजेट शीर्षकगत बैंक नगदी किताबमा नजनाएकाले स्रेस्ता अनुसार बैंक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरूको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको अवस्था छ ।<br>• सञ्चित कोष र अन्य खर्च शीर्षकहरुको बैङ्क नगदी किताब कार्यालय प्रमुख तथा लेखा प्रमुखबाट प्रमाणित गर्ने गरेको छैन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा कार्यालयले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त | |

| क्र.सं. | भौ.नं. | भौ.मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन। तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ।<br>• कार्यालयमा विविध कोष र धरौटी हिसाब रहेकोमा सोको आम्दानी, खर्च, मौज्दातको विवरण देखिने गरी आय-व्यय विवरण तयार नगरेकोले आम्दानी, खर्च र मौज्दात यकीन गर्न सकिएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तयार गरी लेखापरीक्षणमा पेश भएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ६ | | | **आन्तरिक नियन्त्रण** | |
| ६.१ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन,अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाइएन ।<br>• पालिकाले कार्यक्र.सं.गत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्र.सं. तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्र.सं. अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन । | |

| क्र.सं. | भौ.नं. | भौ.मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्र.सं.मा बैठक भत्ता, भ्रमण भत्ता,तालिम,गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाइयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन ।<br>• साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ ।<br>• कतिपय सडक तथा कुलो÷नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं.उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ ।<br>• जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्बन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ ।<br>• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टिडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बील भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७र ८खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन । | |

| क्र.सं. | भौ.नं. | भौ.मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्र.सं.हरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन।<br>• वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ४२ जनाको दरबन्दी रहेकोमा पुरै पदपूर्ति भएको पाइयो । • सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन ।<br>• पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसूची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाइएन ।<br>• कार्यालयले सार्वजनिक सम्पत्तिको अभिलेख राखेको देखिएन । पालिकाले PAMS को प्रयोग गरेको पाइएन ।<br>• कतिपय योजनाहरुमा इष्टिमेट तयार गरेको, स्वीकृत गरेको, नापी मूल्याकन गरेको, जाँच गरेको, स्वीकृत गरेको, ठेक्का बील र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको, स्वीकृत गरेको मिति उल्लेख गरेको पाइएन । | |

| क्र.सं. | भौ.नं. | भौ.मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कार्यालयले सवारी लगबुक तयार गरी राखेको छैन,<br>• पालिकाबाट सञ्चालित सवै कार्यक्र.सं.को नियमित अनुगमन मूल्याङ्कन गरी सोको प्रतिवेदन तयार गर्ने गरेको छैन ।<br>• समय अभावका कारण पालिका द्धारा सञ्चालित विकास निर्माण सम्वन्धी योजनाहरुको स्थलगत अवलोकन नगरिएकोले कार्यान्वयन भएका योजनाको वास्तविक अवस्थाको सम्वन्धमा एकिन हुन सकिएन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६.२ | | | **बेरुजु अभिलेख**: मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । पेश्की तथा बेरुजुको एकिकृत विवरण तयार गर्नुपर्दछ । | |
| ६.३ | | | सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएको छ । ♣ म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुकनराखेको र अद्यावधिक नभएको ♣ म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख नराखेको र अद्यावधिक नभएको | |

| क्र.सं. | भौ.नं. | भौ.मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.४ | | | **भ्रमण खर्च :** लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन्.<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकीकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानूनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ७ | | | **वजेट तथा कार्यक्र.सं.** | |
| ७.१ | | | **अबण्डा बजेट —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्र.सं.को प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.५९ लाख ६० हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको बिभिन्न मिति को निर्णयबाट बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ७.२ | | | **बजेट पेश, पारित र अख्तियारी-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट | |

| क्र.सं. | भौ.नं. | भौ.मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख श्री जय पुरी घर्ति मगरले मिति २०७८।३।१० गते रू. ४२ करोड ४५ लाख ५२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।२५ गते पारित भएको छ ।यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिने तर्फ ध्यान दिनुपर्दछ । | |
| ७.३ | | | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्र.सं.को प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ७.४ | | | **बजेट तथा कार्यक्र.सं. तर्जुमाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्र.सं. तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्र.सं., बजेट तथा कार्यक्र.सं., कार्यक्र.सं.को प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्र.सं., योजना तथा कार्यक्र.सं.मा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्र.सं., कार्यक्र.सं.को प्राथमिकीकरण, कार्यक्र.सं.बीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ७.५ | | | **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१०) बमोजिम स्वीकृत भएको कार्यक्र.सं.मा नियम ३५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य | |

| क्र.सं. | भौ.नं. | भौ.मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तथा कार्यक्र.सं. बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्र.सं. कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप असारमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार पूँजीगत बार्षिक रु. १२ करोड ३० लाख ९७ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. ६० लाख ३८ हजार अर्थात ४.९० प्रतिशत, दोश्रो चौमासिकमा रु. ६२ लाख ५० हजार, अर्थात ५.०७ प्रतिशत, तेश्रो चौमासिकमा रु. ११ करोड ८ लाख ९ हजार अर्थात ९०.०१ प्रतिशत देखिएको छ । यसरी नै असार महिनामा मात्र रु. ७ करोड ३२ लाख ४६ हजार अर्थात ५९.५० प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्र.सं. अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्र.सं. कार्यान्वयन गरिनु पर्दछ । | |
| ७.६ | | | **स्रोत अनुमान समिति–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति रहने र समितिले ऐन बमोजिम आयको प्रक्षेपण गरी बजेटको सिमा निर्धारण, बजेट तथा कार्यक्र.सं.को प्राथमिकीकरण गर्ने लगायतका कार्य गर्न स्रोत अनुमान तथा बजेट निर्धारण गर्नुपर्ने व्यवस्था छ। ऐन बमोजिम स्रोत अनुमान समितिको बैठक बसी आयको प्रक्षेपण, बजेटको सिमा निर्धारण, बजेट तथा कार्यक्र.सं.को प्राथमिकीकरण गरको देखिएन। ऐनको पालना हुनुपर्दछ। | |
| ७.७ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्यक्षेत्र | वार्षिक बजेट | खर्चरकम | कुलखर्चमध्येप्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ३४११४७७४ | २५३३६८०९ | ७.२० |
| सामाजिक क्षेत्र | २१६८०९३६० | १८६२३९११६ | ५२.९३ |

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ.मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>७२८९९२४४</td><td>५,३५०८६६८</td><td>१५.२०</td></tr>
<tr><td>वित्तीय व्यवस्थापन र सुशासन</td><td>५६३५,०००</td><td>४४६१०३५</td><td>१.२६</td></tr>
<tr><td>कार्यसञ्चालन तथा प्रशासनिक खर्च</td><td>९५०९४३९२</td><td>८२३५९२८३</td><td>२३.४०</td></tr>
<tr><td>जम्मा</td><td>४२४५५२७७०</td><td>३५१९०४९११</td><td>१००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ५२.९३ प्रतिशत र सबै भन्दा घटी वित्तीय व्यवस्थापन र सुशासनमा क्षेत्रमा १.२६ प्रतिशत बजेट विनियोजन गरेको छ ।</td><td></td></tr>
<tr><td>७.८</td><td></td><td></td><td>खर्च बिश्लेषणः पालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रू. २८ लाख २७ हजार गत वर्षको मौज्दात रू. २ करोड ८४ लाख ४० हजार, राजस्व बाँडफाँड र अनुदान समेत रू. ४८ करोड ३१ लाख ६० हजार समेत रू. ५१ करोड ११ लाख १६ हजार आम्दानी भएकोमा चालु तर्फ रू. २२ करोड ८८ लाख ०७ हजार र पूँजीगत तर्फ रू. १२ करोड ३० लाख ९७ समेत रू. ४९ करोड ८८ लाख ५६ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको मात्र हिस्सा ०.६७ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रू. ७९ लाख ३ हजार खर्च भएको छ जुन आन्तरिक आयको २७९.६५ प्रतिशत रहेको छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्र.सं. संचालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>संगठन तथा कर्मचारी व्यवस्थापन</td><td></td></tr>
<tr><td>८.१</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४२ जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत पदपूर्ति खालि भएको देखिन्छ । रिक्त पदहरू पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्र.सं. | भौ.नं. | भौ.मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ८.२ | | | **कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ६१ जना कर्मचारीहरू करारमा राखि रू. १ करोड ६१ लाख १४ हजार खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टिसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । कार्यालयले दरवन्दी भन्दा वाहिरका विभिन्न पदमा १३ जना नियुक्ति गरि रु २५०९००० खर्च गरेको नियमसम्मत नभएको रु | २,५०९,००० |
| ८.३ | | | **कर्मचारी प्रोत्साहन भत्ता-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । यस आर्थिक वर्षमा पालिकाले प्राविधिक कर्मचारीहरुलाई कानून बनाई आन्तरिक श्रोतबाट प्राविधिक भत्ता वापत रु.१०४४००० भूक्तानी गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| ९ | | | **कानुन निर्माण एंव कार्यान्वयन** | |
| ९.१ | | | **न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्र.सं.मा प्राप्त विवरण अनुसार गतवर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १० र यो वर्ष थप भएको ४ गरी कुल १४ दर्ता भएकोमा ५ मुद्धा फछ्र्यौट भई ९ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ.मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९.२</td><td></td><td></td><td>निर्देशिका तथा मापदण्डः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकार भित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । गाउँपालिककाले कर्मचारी, उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना, क्षमता विकास, सीप विकास आदिसँग सम्बन्धित तालिम, गोष्ठी अभिमुखीकरण लगायतको कार्यक्र.सं. सञ्चालनको लागि निर्देशिका तर्जुमा गरी लागू गरेको छैन । यसले गर्दा कार्यक्र.सं. सञ्चालनमा जिम्मेवारी, जवाफदेही, खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउन सक्ने देखिएन । गाउँपालिकाले कार्यक्र.सं. कार्यान्वयन सम्बन्धी निर्देशिका तर्जुमा गरी कार्यक्र.सं. सञ्चालन गर्नुपर्दछ ।<br>गाउँपालिकाले कृषि औजार लगायतका सामग्री वितरण तथा फलफुल विरुवा, बाख्रा र कुखुरा वितरण लगायतका कार्यक्र.सं. सञ्चालन गर्दा सरोकारवालाहरूलाई सूचना प्रवाह, प्रस्ताव/माग संकलन, लाभग्राही छनोट र वितरण सम्बन्धी प्रकृया एवं मापदण्ड तर्जुमा नगरेकोले आम नागरिकको पहुँच सुनिश्चित र पारदर्शी भएको पाइएन । यसले गर्दा गाउँपालिकाले वितरण गरेको सामग्री तथा अनुदान न्यायोचित छ भन्ने आधार देखिएन । यसमा सुधार हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>सेवा प्रवाह तथा लक्ष्य प्रगति</td><td></td></tr>
<tr><td>१०.१</td><td></td><td></td><td>लक्ष्य प्रगति : कार्यालयले त्रैमासिक र वार्षिक स्तरकोप्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।
<table>
<tr><th rowspan="2">कार्यक्र.सं./योजना</th><th rowspan="2">कुल कार्यक्र.सं.</th><th colspan="4">वार्षिक प्रगति स्थिति</th></tr>
<tr><th>शून्य प्रगति</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr>
<tr><td>कार्यक्र.सं. संख्या</td><td>२०१</td><td>२</td><td>२</td><td>२</td><td>७</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ.मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०.२</td><td></td><td></td><td>सेवा प्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ५ वटा ऐन, ५ वटा नियमावली र ४५ वटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट जन्म दर्ता १०२२ वटा, बसाईंसराइ ६५ वटा, विवाह दर्ता ३६९ वटा, सम्बन्ध मृत्यु दर्ता २३६ वटा गरेको विवरण प्राप्त भएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । पालिकाबाट प्रदान गरिने सबै सेवा प्रवाहको विवरण राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१०.३</td><td></td><td></td><td>योजना छनोट र कार्यान्वयनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनोट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत वार्षिकगाउँ विकास योजना २०७८।७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><td>रू. १ लाख सम्म</td><td>रू. १ लाख देखि २ लाखसम्म</td><td>रू. २ लाखदेखि ५ लाखसम्मका</td><td>रू. ५लाख देखि १० लाखसम्मका</td><td>रू. १० लाखभन्दा बढीको</td><td>जम्मा</td></tr>
<tr><td>५८</td><td>३६</td><td>२६</td><td>२७</td><td>३०</td><td>१७७</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रू. एक लाख देखि १० लाखसम्मका जम्मा १४७ वटा योजना संचालन गरेकोमा रू. १ लाख भन्दा मुनिका मात्र ५८ वटा योजनाहरू रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरू संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>आर्थिक सहायता तथा विविध खर्च</td><td></td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ.मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११.१</td><td></td><td></td><td>
खर्चमा मितव्यिता कायम गर्नुपर्ने — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।यसै गरी खर्च लेख्दा आवस्यकता र औचित्यका आधारमा आवस्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेको देहाय बमोजिम पाईयो ।
<table>
<tr><td>खर्च तर्फ</td><td>बार्षिक खर्च रकम</td></tr>
<tr><td>मर्मत खर्च</td><td>२५१११७४</td></tr>
<tr><td>ईन्धन खर्च</td><td>२६७९१८७</td></tr>
<tr><td>विविध खर्च</td><td>२७६७६१६</td></tr>
<tr><td>अनुगमन खर्च</td><td>२२१८९३२</td></tr>
<tr><td>भ्रमण खर्च</td><td>२४९३७३९</td></tr>
<tr><td>बैठक भता</td><td>१९५७५००</td></tr>
</table>
• मर्मत अभिलेख खाता नराखेको कारण कुन सवारी साधनको मर्मत खर्च के कति भएको हो अवस्था यकिन गर्न सकिएन ।<br>
• निश्चित उदेश्य सहित बिशेष परिस्थितिमा मात्र कानुन द्वारा गठित समितीको बैठकमा मात्र बैठक खर्च लेख्न पाईने व्यवस्था विपरित कार्यालयका पदाधिकारी कर्मचारीहरुलाई कार्यालयकै नियमित कार्य सम्बन्धमा भएका बैठकको भता दिएको पाईयो ।<br>
• विविध खर्चको प्रयोजन नखुलेको आवश्यकता आंकलन नगरी खर्च गरेको तथा प्यान विल राखी एउटै पार्टीवाट पटक पटक गरी सिमा भन्दा बढी खरिद गरि भुक्तानी गरेको पाईयो ।<br>
यस्ता खर्चहरुमा नियन्त्रण हुनु पर्दछ ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ.मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११.२</td><td></td><td></td><td>आर्थिक सहायता— स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. ११४६५००।-आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>राजश्व व्यवस्थापन</td><td></td></tr>
<tr><td>१२.१</td><td></td><td></td><td>आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय÷व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू. ६० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रू. २८ लाख २७ हजार अर्थात अनुमान भन्दा ५२.८८ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
<tr><td>१२.२</td><td></td><td></td><td>आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><th>केन्द्रीय अनुदानबाट खर्च</th><th>आन्तरिक आय</th><th>आन्तरिक आय प्रतिशत</th></tr>
<tr><td>२२४१३६३५३</td><td>२८२७१६८</td><td>१.२६</td></tr>
</table>
उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.२६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१२.३</td><td></td><td></td><td>कर तथा शुल्क असुलीः स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५५,५७,५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ.मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>७००००००</td><td>२७०९९९८</td><td>३८.७१</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>-</td><td>-</td><td>-</td></tr>
<tr><td>व्यवसाय कर</td><td>२२०००००</td><td>११७१७०</td><td>५.३२</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td></tr>
</table>
पालिकाले पेश गरेको विवरण अनुसार एकीकृत सम्पत्कि कर र घरजग्गा करमा अनुमानको जम्मा ३८.७१ प्रतिशत असुली भएको र व्यवसाय करमा अनुमानको जम्मा ५.३२ प्रतिशत असुली भएकोले राजश्व अनुमानलाइ यर्थाथपरक वनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१२.४</td><td></td><td></td><td>राजश्व दाखिला जरीवाना - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दश प्रतिशत का दरले जरिवाना गरी दाखिला गर्न लगाउने व्यवस्था छ । वडाले राजश्व वापत असुलि रकम समयमा दाखिला नगरेकोमा १० प्रतिशत जरिवाना समेत असुल हुनुपर्नेमा भएको देखिएन ।पालिकाले असुली रकमको दाखिला मिति एकिन गरी नियमानुसार लाग्ने जरिवाना लगाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१२.५</td><td></td><td></td><td>राजश्व दाखिलाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ ।पालिकाबाट आम्दानी र मालपोत रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को के कति आम्दानी र मालपोत रसिद बाकिँ छन एकिन गर्न सकिएन । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । पालिकाले यस वर्ष ६ वटा वडा र पालिकाले संकलन गरेको रु.२८२७१६८ आन्तरीक आय दाखिला गरेको विवरण पेश गरेको छ । कार्यालयबाट सवै वडाहरुमा</td><td></td></tr>
</table>

| क्र.सं. | भौ.नं. | भौ.मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्दै राजस्व व्यवस्थापन प्रणाली लाई व्यवस्थित गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| १३ | | | **खरिद व्यवस्थापन** | |
| १३.१ | | | **ठेक्काको विवरण—** निर्माण कार्यको विस्तृत अभिलेखांकनका लागि प्रयोग गरिने ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं. ५०७) अभिलेख राखिएमा कुल गर्नुपर्ने, हालसम्म भएको कामको परिमाण र मूल्य सजिलै जानकारी हुने, कार्य सम्पादन जमानत, पेश्की लिन पेश गरेको बैंक ग्यारेण्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन आदिको जानकारी हुने हुन्छ । कार्यालयले उक्त प्रयोजनका लागि अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी अद्यावधिक बनाई राख्नुपर्दछ । | |
| १३.२ | | | **खरिद कार्यमा प्रतिस्पर्धाको स्थितिः** सार्वजनिक खरिद ऐन, २०६३ कोदफा ६९(१) तथा नियमावली, २०६४ को नियम १४६(२) मा बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा गराउन विद्युतीय सञ्चार माध्यम (e-Bidding)बाट बोलपत्र आह्वान गर्न सकिने व्यवस्था रहेकोछ ।साथै सोही ऐनको दफा २६(६) बमोजिम कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको हुन सक्ने सम्भावना तर्पm समेत मध्यनजर गर्दै मिलेमतो भएको पुष्टि भएमा रद्द हुने ऐनको प्रावधान रहेको छ ।कार्यालयले यस वर्ष सम्झौता भएका ठेक्का सम्बन्धी विवरण पेश नगरेकोले यस सम्बन्धमा विश्लेषण गर्न सकिएन । | |
| १३.३ | | | **वार्षिक खरिद योजना/गुरुयोजना :** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.१२ करोड ३० लाख ९७ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| १४ | | | **सम्पत्ति उपयोग र संरक्षण** | |

| क्र.सं. | भौ.नं. | भौ.मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४.१ | | | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरू जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरू हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरूको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| १४.२ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १४.३ | | | **मालसामानको गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन्: | |

| क्र.सं. | भौ.नं. | भौ.मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | -कार्यालयमा मालसामान प्राप्त भएपछि खरिद सम्झौतामा उल्लेख भए अनुसार स्पेसिफिकेशन तथा गुणस्तर सम्बन्धी मापदण्ड पुरा गरे नगरेको खुल्ने गरी परीक्षण सूची सहित नियमको व्यवस्था बमोजिम प्राविधिक स्पेशिफिकेशन तथा गुणस्तर सम्बन्धी सर्त पुरा गरे नगरेको प्रतिवेदन पेश गर्ने गरको पाइएन । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।<br>-मालसामान खरिद गरी सम्बन्धित आपूर्तिकर्तालाई भुक्तानी गरेकोमा निरीक्षण÷परीक्षण गर्न गठन गरिएको बोर्डले तयार गर्नेगरेको खोलुवा फाराम समेत नलिई भुक्तानी गरेको छ । | |
| १४.४ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण -** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ । | |
| १५ | | | **अनुदान** | |
| १५.१ | | | **अनुदान फिर्ताः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । संघीय सरकारवाट प्राप्त रु १९४९८९००० मध्ये रु १५६३०२७०० खर्च भएको तथा प्रदेश सरकारवाट प्राप्त अनुदान रु ३३२४४००० मध्ये रु २८१६१३२९ खर्च भइ वाँकी रहेको रकम मिति २०७९।३।३२ मा संघीय सरकार र प्रदेश सरकारमा फिर्ता गरेको छ । | |
| १५.२ | | | **अनुदानको अनुगमन —** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण | |

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ.मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।<br>
<table>
<tr><th>सि.नं.</th><th>अनुदान पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>अनुदान रकम</th></tr>
<tr><td>१</td><td>माडी ढाका वुनाइ उद्योग</td><td>तालिम</td><td>१३००००</td></tr>
<tr><td>२</td><td>रेडक्रस ब्लक वैंक</td><td>अनुदान</td><td>३०००००</td></tr>
<tr><td>३</td><td>स्काउट</td><td>अनुदान</td><td>१५००००</td></tr>
<tr><td>४</td><td>समृद्धी युवा क्लव</td><td>खेलकुद सामग्री खरिद</td><td>१०००००</td></tr>
<tr><td>५</td><td>मिलिजुली साना किसान कृषि सहकारी संस्था लि</td><td>ट्रक खरिद</td><td>७०००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>शिक्षा तर्फ</td><td></td></tr>
<tr><td>१६.१</td><td></td><td></td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता – अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.१ करोड ४७ लाख ८० हजार तलब भत्ता भुक्तानी गरेको पाइयो । दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाइ शिक्षक व्यवस्थापन गरी अनुदान दिने व्यवस्था हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६.२</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३३ सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी ११६ रहेकोमा ४३ जना करारमा भर्ना गरेको पाइयो । पालिकाले उपलब्ध गराएको विवरण अनुसार</td><td></td></tr>
</table>

| क्र.सं. | भौ.नं. | भौ.मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ५ विद्यालयका २८९ विद्यार्थीको लागि शिक्षकको व्यवस्था भएको पाइएन । पालिकाले विद्यार्थी न्यून भएको विद्यालयहरुलाइ दरबन्दी मिलान गरी विद्यार्थी अनुपातको आधारमा शिक्षकको व्यवस्था मिलाउनु पर्दछ । | |
| १६.३ | | | **सामुदायीक विद्यालयको गुणस्तर** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकाय सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था छ । पालिकाले आ. व. २०७८।७९ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन । पालिकाले आफ्नो अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| १६.४ | | | **विद्यालयगत निकासा रजिष्ट्रर —**अधिकार प्राप्त अधिकारीले आम्दानी खर्च ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा सुनुश्चित हुनुपर्दछ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुलाई दोहोरो भुक्तानी नहुने गरी अभिलेख राख्ने नगरेकोले दोहोरो भुक्तानी हुन सक्ने अवस्थाको नियन्त्रणगर्न भरपर्दो आन्तरिक नियन्त्रण प्रणाली अवलम्वन गरेको पाइएन । तोकिएको ढाँचामा विद्यालयगत निकासा रजिष्ट्रर राख्नु पर्दछ । | |
| १७ | | | **कोभिड तर्फ** | |
| १७.१ | | | **वार्षिक प्रतिवेदनः** विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश विपद व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन । ऐनमा भएको व्यवस्था पालना हुनुपर्दछ । | |
| १७.२ | | | कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७९ असार मसान्तसम्मको प्राप्त रकम र खर्च सम्बन्धी बिबरण कायार्लयले रू. ८०६०९८ आम्दानी भएको विवरण पेश गरेको छ भने असार मसान्त सम्ममा रू. १३२५१० खर्च भएको देखएको छ । कोरोना १९ रोकथाम नियन्त्रण र व्यवस्थापन कोषमा बाँकी रु ६७३५८८ रहेको छ । | |

| क्र.सं. | भौ.नं. | भौ.मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७.३ | | | **जोखिम आंकलन र पूर्व तयारीः-** कार्यालयले कोभिड महामारी नियन्त्रणका लागि, आकलन गरी पूर्व तयारी र महामारी पछि नियन्त्रण तथा रोकथामका लागि कार्ययोजना बनाएको हुनुपर्दछ । कार्यालयले स्वास्थ्य शाखा प्रमुखको संयोजकत्वमा क्वारेन्टीन संचालक समिति, नगर प्रमुखको संयोजकत्वमा नगरस्तरीय क्वारेन्टीन समिति तथा नगरस्तरीय सी सी एम सी सी उल्लेख गरेको भएतापनि कोभिड महामारीबाट हुने जोखिम आंकलनका लागि तथा महामारी पछि नियन्त्रण र रोकथामका लागि कार्ययोजना बनाएको देखिएन । | |
| १८ | | | **कोभिड प्रभावित राहत कार्यक्र.सं.**<br>कोभिड १९ को महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तानन्तरण कार्यविधि २०७८ को दफा ३ मा कोभिड को महामारी नियन्त्रणको लागि भएको बन्दाबन्दी कारण रोजगारी गुमाएका र नेपाल सकारबाट कुनै प्रकारको लाभ प्राप्त नगरेका नेपाली नागरिकहरुलाई पहिचान गरी प्रति परिवार रु दश हजारका दरले राहत रकम वितरण गर्नुपर्ने उल्लेख छ। त्यस्तै दफा ५ मा यस्तो राहत रकम हस्तान्तरणको लागि सम्बन्धित पालिकको वडा कार्यालयमा निवेदन पेश गर्ने गरी राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना आह्वान गर्नुपर्ने र सो सुचनाको जानकारी सम्बन्धित स्थानीय तहको वेवसाईटमा समेत राख्नुपर्ने उल्लेख छ । उक्त सूचनाको आधारमा पालिकाले सम्बन्धित वडामा प्राप्त निवेदनको प्रकृति हेरी वडा अध्यक्षले पालिकालाई सिफारिस गर्ने र सोको आधारमा रितपूर्वको निवेदन यकिन भएका लभग्राहीको नामावली सम्बन्धित पालिकाको प्रमखु प्रशासकीय अधिकृतले दावी विरोधका लागि तीन दिनको समायवधि दिई सुचना सार्वजनिक गर्नुपर्ने उल्लेख छ । यसरी सूचना जारी गर्दा सम्बन्धित स्थानीय तह र वडा कार्यालको सूचना पाटि वा वेवसाइटमा समेत राख्नुपर्ने उल्लेख छ । पालिकाले यसै वर्ष उक्त राहत रकम विभिन्न गो भौ न बाट ९३ घरधुरी लाई प्रति परिवार १० हजारको दरले रु.९ लाख ३० हजार वितरण गरेकोमा पेन्सन वा सामाजिक सुरक्षा अन्तर्गतको भत्ता प्राप्त गरे नगरेको आदि खुलेको निवेदन संकलन नगरेको, प्रधानमन्त्री रोजगार कार्यक्र.सं.मा संलग्न रहे नरहेको वारेमा निर्णय प्रक्रियामा उल्लेख गरेको पाईएन । यसरी कोभिड १९ महामारीबाट प्रभावित अति विपन्न परिवारलाई राहत वितरण गर्दा कार्यविधिले निर्धारण गरेका मापदण्ड पराउनुपर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| १९ | | | **आन्तरिक लेखापरीक्षण** | |
| १९.१ | | | **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक | |

| क्र.सं. | भौ.नं. | भौ.मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यस गाँउपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| १९.२ | | | **आन्तरिक लेखापरीक्षण शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाँउपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| २० | | | **पेश्की बाँकी**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (१) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ ।कार्यालयबाट देहायको निर्माण व्यवसायीलाई दिएको मोबिलाईजेशन पेश्की तोकिएको समयमा फछ्र्यौट हुनुपर्दछ ।<br>पेश्की लिनेको नाम: रोयल कन्स्ट्रक्सन; पद: निर्माण व्यवसायी; रकम: ४६११५०० ; प्रयोजन: प्रमुख प्रशासकिय भवन निर्माण | |
| २१ | | | **संघीय सरकारवाट हस्तान्तरित कार्यक्र.सं.** | |
| २१.१ | | | **निःशुल्क पाठ्यपुस्तकः** कार्यालयले निःशुल्क पाठ्यपुस्तक खरिदको लागि ३३ विद्यालयलाई गो.भौ.नं. रु. २६६३६८४ अनुदान निकासा गरिएको छ । सार्वजनिक विद्यालयमा प्रदान गरिने निःशुल्क पाठ्यपुस्तक समयमा विद्यालयले खरिद गरी विद्यार्थीलाई उपलब्ध गराए नगराएको, विद्यालयले प्रयोग गर्ने पाठ्यसामाग्री पाठ्यक्र.सं. विकास केन्द्रको स्वीकृत सूचि मध्येबाट भए नभएको सम्बन्धमा कार्यालयले अनुगमन गर्नुपर्दछ । | |
| २१.२ | | | **बढी निकासाः** विद्यालयहरुलाई छात्रवृत्ति र पाठ्यपुस्तकको रकम सोधभर्ना गर्दा विद्यार्थी संख्या र निजहरुले बुझेको भर्पाईहरुको आधारमा दिनु पर्दछ । गाँउपालिका क्षेत्रका अनुदान जाने १० विद्यालयको छात्रवृत्ति वितरणको प्रमाण | २७,६२६ |

Nested table under item २०:

| पेश्की लिनेको नाम | पद | रकम | प्रयोजन |
|---|---|---|---|
| रोयल कन्स्ट्रक्सन | निर्माण व्यवसायी | ४६११५०० | प्रमुख प्रशासकिय भवन निर्माण |

| क्र.सं. | भौ.नं. | भौ.मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | परिक्षण गरेकोमा देहाय अनुसार बढी निकासा दिएको देखियो । साथै अन्य विद्यालयमा समेत यस्तै हुन सक्ने भएकोले कार्यालयले आफै छानबिन गरी असुल गर्नुपर्दछ । साथै उल्लेखित अनुसार बढी गएको छात्रवृत्ति खर्च असुल गर्नुपर्ने देखिएको रु. | |
| २१.३ | | | **छात्रवृत्ति वितरण :** विद्यालयहरूको वार्षिक कार्यक्र.सं. अनुसार आधारभुत तह र माध्यमिक तहका छात्रा छात्रवृत्ति र दलित छात्रवृत्ति कार्यक्र.सं. अन्तर्गत पालिकाले ३३ वटा विद्यालयहरूलाई रकम निकाशा दिएको छ । कार्यालयले ३३ वटा विद्यालयहरूलाइ छात्रवृत्ति वितरणको लागि रु ९७७४००। निकासा गरेको छ । कार्यालयले छात्रवृत्ति रकम लाभान्वित विद्यार्थीहरूलाई वितरण गरे नगरेको तथा उक्त छात्रवृत्तिबाट शैक्षिक क्रियाकलापमा परेको प्रभावको अनुगमन मूल्याङ्कनको प्रतिवेदन तयार गरी छात्रावृत्तिको वितरणमा पारदर्शिता एवं प्रभावकारीता ल्याउनु पर्दछ । | |
| २१.४ | | | **अनुगमन प्रतिवेदनः÷** शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरिएको कार्यक्र.सं. कार्यान्वयन निर्देशिका, २०७८।७९ को सि.नं. ९.८ र ९.७ अनुसार माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान कार्यक्र.सं. र ICT Lab, पुस्तकालयका लागि अनुदान कार्यक्र.सं.मा विद्यालयबाट प्रस्ताव माग गरी उक्त प्रस्तावका आधारमा विद्यालय छनौट तथा सम्झौता गरी एकमुष्ट रु. ६ लाख ५० हजार अनुदान दिने र सम्झौता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गरी कार्यप्रगति पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायबमोजिमका विद्यालयलाई अनुदान दिंदा विद्यालयसँग भएको सम्झौतामा के कति कार्य गर्ने, कुन कुन सामग्री खरीद गर्ने लगायतका विषयहरू उल्लेख नभएकोले तोकिएको कार्यक्र.सं.मा खर्च भए नभएको अनुगमन तथा जिन्सी दाखिला प्रमाण पेश हुनुपर्दछ । | |

| विद्यालयकोनाम | निकासा | भरपाइ | वढि रकम |
|---|---|---|---|
| श्री चौतारा प्रा वि झिनुवा(पा पु ) | १६६२४ | ११५५९ | ५०६५ |
| श्री गणतन्त्र प्रा वि बाङ्गेताल(पा पु) | ३७६२१ | २६२६० | ११३६१ |
| श्री ने रा मा वि तालावाङ(छात्रवृत्ति) | ८१८०० | ७०६०० | ११२०० |
| जम्मा | | | २७६२६ |

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ.मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>अनुदान कार्यक्र.सं.</th><th>रकम</th></tr>
<tr><td>1.</td><td>श्री भगवती आधारभूत विद्यालय</td><td>आ सि टि निर्माण</td><td>६५००००</td></tr>
<tr><td>2.</td><td>श्री नेपाल राष्ट्रिय मा वि</td><td>विज्ञान प्रयोगशाला</td><td>६५००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१३०००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२१.५</td><td></td><td></td><td>दिवा खाजा रकमः कार्यक्र.सं. कार्यान्वयन पुस्तिका (आ.व.२०७७।७८) को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले विद्यार्थीका लागि दिवा खाजा कार्यक्र.सं. कार्यान्वयन गर्दा विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी दैनिक रु.१५ का दरले विद्यालय सञ्चालन भएको दिनलाई आधार मानेर वर्षमा १८० दिनका लागि अनुदान दिने व्यवस्था छ । त्यसै स्थानीय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिनसमेत) को प्रतिलिपी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र अनुदान दिने व्यवस्था छ । कार्यालयले मा दिवा खाजाका लागि ३३ विद्यालयलाइ रु ७२५९५६३ निकासा दिएको छ । दिवा खाजामा हुनुपर्ने आवश्यक मात्रा, स्वच्छता र पोषण तत्वका सम्बन्धमा गाउँपालिकाले अनुगमन तथा दिवा खाजाको गुणस्तर मापन गरी अनुगमन मूल्याङ्कनको प्रतिवेदन तयार गरी दिवा खाजा रकम निकासा गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२१.६</td><td></td><td></td><td>भरपाई पेश नभएकोः १९१-२०७८।१०।२१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ ।जय वहादुर घर्तीले पोषण कार्यक्र.सं.बाट ३४ ल्यापटप व्याग खरिद गरि जम्मा रु ९९६०३ भुक्तानी गरेकोमा व्याग वुझेको भरपाइ पेश हुनुपर्ने रु</td><td>९९,६०३</td></tr>
<tr><td>२२</td><td></td><td></td><td>औषधी खरिद<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने</td><td></td></tr>
</table>

| क्र.सं. | भौ.नं. | भौ.मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | व्यवस्था छ । तर यस स्थानीय तहले विभिन्न औषधि रु १७७४९७४ को सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नुसार छनः<br>• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,<br>• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,<br>• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| २३ | | | **प्रधानमन्त्री रोजगार कार्यक्र.सं.**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्र.सं. सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्र.सं. संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्र.सं. अनुसार, कामका लागि रोजगार कार्यक्र.सं.मा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले कामका लागी रोजगार कार्यक्र.सं. कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । अधिकाशं निर्माण कार्यको नापी किताब तयार भएको छैन् । साथै श्रमिकको संख्या पनि | |

| क्र.सं. | भौ.नं. | भौ.मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अत्याधिक रहेकोले कार्यक्र.सं.को उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन ।यस कार्यक्र.सं. अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, प्रतिक्षालय निर्माण कार्य लगायतका १९ वटा कार्यक्र.सं. सञ्चालन गरी यस वर्ष १२० जनालाई १०० दिन रोजगारी उपलव्ध गराई रु.६९१२५५० खर्च गरेको छ । रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्र.सं. खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| २४ | | | **सामाजिक सुरक्षा** | |
| २४.१ | | | **प्रतिवेदनः** सामाजिक सुरक्षा कार्याविधि, २०७५ को दफा ३० मा स्थानीय तहले वितरण गरेको भत्ताको चौमासिक, वार्षिक विवरण अद्यावधिक गरी एमआइएसमा प्रविष्टी गर्नुपर्ने भुक्तानी गरेको रकम र बुझनेहरूको नामावली स्थानीय तहका कार्यालयका साथै स्थानीय तहका वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र पहिलो चौमासिक प्रगति विवरण मंसिर ७ गतेभित्र दोस्रो चौमासिकको प्रगति विवरण चैत ७ गतेभित्र र तेस्रो तथा वार्षिक प्रगति विवरण साउन ७ गतेभित्र प्रविष्टी गरिसक्नुपर्ने उल्लेख छ ।कार्यालयले सबै विवरण एमआइएसमा प्रविष्ट गरेको जनाएको भए तापनि प्रगति विवरण लेखापरीक्षणमा पेश नभएकोले सो सम्वन्धमा एकिन हुन सकिएन । पालिकाले यस बर्ष २ वटा बैंक मार्फत ६ वटा वडामा रु.६८९३८३७१ सामाजिक सुरक्षा भत्ता वितरण गरेको र आर्थिक बर्षको अन्त्यमा वडा नं.५ मा रु.४७८०४३६ र वडा नं.१ मा रु.३८१९१६३ सामाजिक सुरक्षा भत्ता रकम अभाव भई निकासा माग गरेको विवरण पेश गरेको छ । समयमा नै निकासा माग गरी खर्च गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| २४.२ | | | **तथ्यांक अध्यावधिक :** सामाजिक सुरक्षा कार्यक्र.सं. सञ्चालन कार्यविधि, २०७५ को बुँदा १९ अनुसार विभागले स्थानीय तहमा सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग र बैङ्क तथा वित्तीय संस्थाबीच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउने र उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुने उल्लेख छ । कार्यालयले प्रत्येक वर्ष सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तथ्याङ्क, कार्यविधि बमोजिम अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा प्रथम चौमासिकको एम.आई.एस. अध्यावधिक तथ्याङ्क लेखापरीक्षणको क्र.सं.मा पेश गरेको छैन ।कार्यविधि बमोजिम कार्यालयले केन्द्रीकृत व्यवस्थापन प्रणालीमा सूचना अद्यावधिक गर्नुपर्दछ । | |

| क्र.सं. | भौ.नं. | भौ.मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४.३ | | | **निष्कृय खाताः** सामाजिक सुरक्षा कार्यक्र.सं. सञ्चालन कार्यविधि, २०७५ को अनुसूची ८ मा स्थानीय तह र बैंकबीच हुने सम्झौतापत्रको दफा ६ मा पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहित बाँकी रकम भए पालिकालाई उपलव्ध गराउनुपर्ने, कुनै लाभग्राहीको लगत कट्टा भएमा लगत कट्टा भएको मिति र पाउने रकम समेतको जानकारी पालिकाले तत्काल बैंकलाई उपलव्ध गराउनुपर्ने र सो जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको उक्त मिति पछिको रकम पालिकामा फिर्ता पठाउने तथा बैंकले निष्कृय खाताको विवरण प्रत्येक साउन र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने व्यवस्था छ । पालिकाले सामाजिक सुरक्षा भत्तालाई पेश्की जनाई प्रथम किस्ताको पेश्की फछ्र्यौटभएपश्चात दोस्रो र दोस्रो किस्ता फछ्र्यौट गरी तेस्रो किस्ता र तेस्रो किस्ता फछ्र्यौट भएपश्चात चौथौ निकासा दिई फछ्र्यौट गर्नुपर्नेमा बैङ्कलाई निकासा दिएको रकम सोझै खर्च जनाएको छ । सोझै खर्च जनाई सामाजिक सुरक्षा वितरण गर्दा वितरण नभई बाँकी रहेको रकम बैङ्कमा नै रहन सक्ने हुदाँ पेश्की जनाई वितरण भए नभएको एकिन गरी बाँकी रकम फिर्ता गर्नुपर्दछ । | |
| २४.४ | | | **पारदर्शिताः** कार्यविधिको दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरू सम्बन्धी विवरण वडा समितिको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्ने, चौमासिक वा वार्षिक रुपमा सामाजिक सुरक्षा कार्यक्र.सं.मा भएको निकासा तथा खर्चको समीक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नामनामेसी स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था छ । पालिकाको निर्णय पुस्तिका तथा वेवसाइट अवलोकन गर्दा उल्लिखित कार्यहरू भएको पाइएन । कार्यविधिको पालना गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| २५ | | | **उपभोक्ता मार्फत कार्य** | |
| २५.१ | | | **कार्य सम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२)मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकीन हुन सक्ने अवस्था देखिएन । | |

| क्र.सं. | भौ.नं. | भौ.मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५.२ | | | **जटिलसंरचना निर्माण —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, खानेपानी आयोजना लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् : | |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ३९।२०७९-०३-२० | नेपाल राष्ट्रिय मा.वि.चार कोठे पक्कि भवन नि उ.स. | भवन निर्माण | ३५६४००० |
| ९।२०७८-१२-०२ | श्री कृष्ण उच्च मा.वि. भवन निर्माण उ.स. | भवन निर्माण | ४८००००० |
| ४६।२०७९-०३-२२ | सरस्वती मा.वि. दुई कोठे भवन नि उ.स. | भवन निर्माण | १७८२००० |
| ५२।२०७९-०३-२४ | जिवनधारा आ.वि. चार कोठे पक्कि भवन नि उ.स. | भवन निर्माण | ३५६४००० |
| ५८।२०७९-०३-२५ | बागेश्वरी आ.वि. दुई कोठे भवन नि उ.स. | भवन निर्माण | १७८२००० |
| ६६।२०७९-०३-२५ | साडखोला केटिङ्ग ठामी डाँडाँ खा.पा. तथा सरसफाई उ.स. | खानेपानी आयोजना | ३६५१९६९ |

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ.मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>५१।२०७९-०३-२५<br>६८।२०७९-०३-२५</td><td>पारिवांग खा.पा. उ.स.</td><td>खानेपानी आयोजना</td><td>३८२१६९४</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२२९६४६६३</td></tr>
</table></td><td></td></tr>
<tr><td>२५.३</td><td></td><td></td><td>उपभोक्ता समिति दर्ता ‘ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनै पनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५.४</td><td></td><td></td><td>प्राविधिक बील र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बीलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बीलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकीन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बील बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>सव कन्ट्याक्टरबाट काम गराएको ः</td><td>७,१२२,५९४</td></tr>
</table>

| क्र.सं. | भौ.नं. | भौ.मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ ।नमुना छनौट गरी परीक्षण गर्दा देहायका उपभोक्ता समितिले बाटो निर्माणको काम आफै गर्ने गरी सम्झौता गरेकोमा देहायका निर्माण व्यावसायीबाट काम गराएको नियमसम्मत नदेखिएको रु. | |

| गो.भौ.नं.।मिति | उपभोक्ता समितिको नाम | काम | निर्माण व्यवसायी | बिजक नं.।मिति | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ४२।२०७९-०३-२५ | पोखरावांग देखि उपल्लो सरिगा जोड्ने मो.बा. नि.उ.स. | मोटरबाटो निर्माण | जि.सि.निर्माण सेवा | १८।२०७९-०३-२३ | ९०५४८९ |
| ४७।२०७९-०३-२५ | दिवाग पंकितवाग झाल्पा लाप्चन पोखरा मो.बा.नि.उ.स. | मोटरबाटो निर्माण | कालिका सुपर बिल्डर्स | ५।२०७९-०३-२४ | ४१७२७०६ |
| ३७।०७८-१२-२७ | रिजावांग गौनेखोला माडी ३ तालाबांग मोटर बाटो निर्माण उ स | | न्यू पश्चिम | | ९०३९९५ |
| ८६।०७९-०३-०९ | सारीडाँडाहुदै उपल्लो मिसीडांडा जोड्ने मोटर बाटो निर्माण योजना उ स | | जि.सि.निर्माण सेवा | | २३१६५९ |

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ.मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१६६।२०७९-०३-२४</td><td>भितावांग पुरानो स्कुलदेखि माडी ४ चिउराघाट जोड्ने मोटर बाटो नि उ स</td><td></td><td>गणेश नारायण निर्माण सेवा उधोग</td><td></td><td>९०८७४५</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>७१२२५९४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>
जनश्रमदान<br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समिति र काम</th><th>सम्झौता रकम</th><th>कार्य सम्पन्न रकम</th><th>उपभोक्ताले व्यहोर्ने %</th><th>घटी अनुपातिक कट्टी रकम</th></tr>
<tr><td>५८।२०७९।०३।२५</td><td>बागेश्वरी आ.वि. २ कोठे भवन निर्माण उ.स.</td><td>२१११८६०.३२</td><td>२०४९४७०</td><td>१४.७६</td><td>३५१७७</td></tr>
</table>
</td><td>९०,२१३</td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ.मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६४।२०७९-०३-२४</td><td>आधारभुत स्वास्थ्य सेवा केन्द्र नि.उ.स.</td><td>१८५४५६०.९२</td><td>१६९६१२९</td><td>१०.७०</td><td>५५०३६</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३९६६४२१.२४</td><td>३७४५५९९</td><td></td><td>९०२१३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>सुरक्षित नागरिक आवास कार्यक्र.सं. तर्फ<br>सुरक्षित नागरिक आवास कार्यन्वयन कार्यविधी २०७६ को दफा ७ को उपदफा (४) मा अनुदान उपलव्ध गराउँदा सम्वन्धित स्थानिय तहसँग सम्झौता भएपछी पहिलो किस्ता वापत ६० प्रतिशत रकम उपलव्ध गराइने र दफा ८ मा उपदफा (७) वमोजिम प्राप्त पहिलो किस्ताको रकमवाट काठ र जस्तापाता लगायतको सामाग्रि खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनि स्थानिय तहको प्राविधिक वाट अनुसुची ३ वमोजिमको प्राविधिक सहितको सिफारिसको आधारमा सम्वन्धित स्थानिय तहवाट लाभग्राहिलाई अन्तिम तथा दोस्रो किस्ता उपलव्ध गराउने व्यस्था रहेकोमा पालिकाले सुरक्षित नागरिक आवास कार्यक्र.सं. अन्तर्गत यो वर्ष ६५ घर परिवार लाई प्रथम किस्ता र ५० घर परिवारलाई दोस्रो किस्ता सहित कुल ११५ घर परिवारको लाई रु१५७०००० अनुदान लाभग्राहीको खातामा रकम निकाशा गरेको छ ।पालिकाले आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ। अनुदानको अनुगमन र कार्यसम्पन्न प्रतिवेदन संलग्न नहुँदा तोकिएको कार्यक्र.सं.मा खर्च भयो भएन यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>खर्चको प्रमाण पेश गर्नुपर्ने<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ ।पालिकाले राष्ट्रपति शैक्षिक कार्यक्र.सं. अन्तर्गत गो.भौ.नं.६२।२०७९-०३-२५ बाट देहायको विद्यालयलाई भवन निर्माणको लागि निकासा दिएकोमा सो खर्चको पुष्टाई गर्ने बिल भरपाई, कार्यसम्पन्न प्रतिवेदन र नापी किताब श्रेस्ता साथ संलग्न नभएकाले खर्चको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.स.</th><th>विद्यालयको नाम</th><th>निकासा रकम</th><th>प्रयोजन</th></tr>
</table>
</td><td>५,४००,०००</td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ.मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१.</td><td>सरस्वती आ.वि. भिताबाङ</td><td>१८०००००</td><td>२ कोठे भवन निर्माण</td></tr>
<tr><td>२.</td><td>बागेश्वरी मा.वि. पाछाबाङ, भावाङ</td><td>३६०००००</td><td>४ कोठे भवन निर्माण</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५४०००००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>
पुँजीगत शीर्षकबाट चालुँ प्रकृतिका खर्च<br>
पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्र.सं. छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। नमूना छनोटको आधारमा परीक्षाण गर्दा यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई कार्यक्र.सं. र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट भुक्तानी दिएको पाईयो। यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।
<table>
<tr><td>क्र.स.</td><td>गो.भौ.नं. र मिति</td><td>कार्यक्र.सं.को नाम</td><td>खर्च रकम (रु)</td></tr>
<tr><td>१.</td><td>५४-०७९/०१/१२</td><td>फञ्चेवाजा खरिद तथा तालिम</td><td>५०००००</td></tr>
<tr><td>२.</td><td>५८-०७९/०१/१४</td><td>भित्तेपात्रो छपाई</td><td>४००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>
कन्टिन्जेन्सी खर्चको अभिलेख<br>
सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्र.सं.मा प्रत्येक कार्यक्र.सं. खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत रु.१०५९३३४ कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्र.सं.गत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राखे गरेको छैन ।
</td><td></td></tr>
</table>

| क्र.सं. | भौ.नं. | भौ.मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **नदिजन्य पदार्थ** | |
| ३२.१ | | | **नदिजन्य पदार्थ–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । पालिका क्षेत्रको माडीखोला खोलाको नदिजन्य पदार्थ ९२४८९ घ.फि. निकासी एवं विक्री वितरणका लागि सूचना आह्वान भएकोमा निम्नानुसार व्यहोरा देखियो। | |
| ३२.२ | | | **मू.अ.कर छुट -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूनी १ मा उल्लेख भएका सेवा तथा बस्तु तथा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी कर छुट हुने भनी उल्लेख भएको बस्तु तथा सेवा बाहेकका बस्तुमा मू.अ.कर छुट दिन नहुने व्यवस्था छ । जस अनुसार पालिकाबाट प्रकृतिक श्रोत बिक्रीलागि बन्दोबस्त भएको ठेक्कामा विक्री मूल्यमा लाग्ने मूल्यमा अभिवृद्धि कर छुट दिन मिल्ने देखिदैन् ।माडी खोलाको ९२४८९ घ.फि.को लागत अनुमान रु ४६२४४५ (मु.अ.कर बाहेक) रहेकोमा बढि रकम कबोल गर्ने मगर निर्माण सेवाले रकम रु.४६२५०० (मु.अ.कर बाहेक) कवोल गरेकोमा सम्झौताको१३ प्रतिशतले हुने मू.अ.कर रकम रु. ६०१३२ दाखिलाको प्रमाण पेश हुनुपर्ने रु.भएको | ६०,१३२ |
| ३३ | | | **गत बर्षको दायित्व**<br>आर्थिक कार्यविधि वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र आन्तरिक लेखापरीक्षकबाट श्रावण सात गतेभित्र भुक्तानी बाँकीको बिबरण म.ले.प.फा.नं.२२१ प्रमाणीत गरी राखुपर्ने व्यबस्था छ । पालिकाले आ.व. २०७७।७८ मा रु.५८४५२३३ भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुख र आन्तरिक लेखापरीक्षकबाट प्रमाणीत गराएको आधारमा यो बर्ष २०७८।७९ भुक्तानी दिएको छ । पालिकाले आन्तरिक लेखापरिक्षणवाट प्रमाणित गराइ चालु प्रकृतिका अनुगमन भत्ता , विविध खर्च, सवारीसाधन मर्मत खर्च जस्ता प्रकृतिका खर्चलाइ भुक्तानी दिन वाँकीमा राखि खर्च लेखेको छ । पालिकाले चालु प्रकृतिका खर्चमा भुक्तानी पाउन वाँकी राख्रे कार्यमा नियन्त्रण गर्नुपर्दछ । बार्षिक बजेटले बहुबर्षीय कार्यक्र.सं. स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ । | |
| ३४ | | | **पदाधिकारीलाइ भुक्तानी** | |

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ.मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा १६ मा निर्वाचित पदाधिकारीको काम कर्तव्य र अधिकार तोकिएको छ । निर्वाचित पदाधिकारीको काम कर्तव्य र अधिकारमा विकास योजना, बजेट तथा कार्यक्र.सं. तयार गर्ने, गर्न लगाउने तथा स्वीकृति गर्ने काम, कर्तव्य र अधिकार तोकिएको छ । लेखापरीक्षणको लागि छनोट गरिएका भौचरको आधारमा परीक्षण गर्दा देहाय अनुसार निर्वाचित बील पेश गरेको आधारमा भुक्तानी गरेको पाइयो । कानूनले नै कार्यक्र.सं. कार्यावन्यन तथा अनुगमनको विशिष्ठ जिम्मेवारी दिएका पदाधिकारीहरूले बील पेश गरी भुक्तानी लिदा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने, कार्यक्र.सं. कार्यान्यिन पक्षको निश्पक्ष अनुगमन नहुन सक्छ । पदाधिकारीलाई भुक्तानी दिने कार्यलाइ नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th>भौ.नं. र मिति</th><th>नाम</th><th>वापत</th><th>रकम</th></tr>
<tr><td>४९-२०७८।६।१८</td><td>नन्द बहादुर पुन</td><td>सवारी साधन मर्मत</td><td>९९५००</td></tr>
<tr><td>५०-२०७८।६।१८</td><td>नन्द बहादुर पुन</td><td>मसलन्द तथा कार्यालय सामग्री</td><td>५००००</td></tr>
<tr><td>५२,५४-२०७८।६।१९</td><td>भरत बहादुर बुढा मगर</td><td>विविध खर्च वडा नं ५</td><td>२५०२०४</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>३९९७०४</td></tr>
</table></td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>पदाधिकारीलाइ पेश्की<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा कार्यालयले मालसामान खरिद गर्न, सेवा उपलब्ध गराउन वा निर्माण सम्बन्धी कामको लागि सरकारी कर्मचारी वाहेक कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई पेश्की दिँदा प्रचलित कानून बमोजिम बैङ्क जमानत लिनु पर्ने व्यवस्था छ । कानूनले नै कार्यक्र.सं. कार्यावन्यन तथा अनुगमनको विशिष्ठ जिम्मेवारी दिएका पदाधिकारीलाइ पेश्की दिँदा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने, कार्यक्र.सं. कार्यान्यिन पक्षको निश्पक्ष अनुगमन नहुन सक्छ । पदाधिकारीलाइ पेश्की दिने कार्यलाइ नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th>भौ.नं. र मिति</th><th>नाम</th><th>रकम</th></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ.मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>७२-२०७८।६।२३</td><td>नन्द बहादुर पुन</td><td>५००००</td></tr>
<tr><td>३५९-२०७८।११।२४</td><td>भरत बहादुर बुढा मगर</td><td>१३००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१८००००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>पदाधिकारी सुविधा</td><td></td></tr>
<tr><td>३६.१</td><td></td><td></td><td>पदाधिकारी अन्य सुविधाः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ३ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ३ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा १ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ ।<br>लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३, ४, ५, ६, ७, ८ र ९ सँग सम्बन्धित अनुसूची अनुसार स्थानीय तहका पदाधिकारीहरूलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरूलाई यो वर्ष यातायात सुविधा रु २१ लाख २४ हजार टेलिफोन तथा मोवाइल रु.१० लाख ८० हजार, पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु.९ लाख ८४ हजार, जनसम्पर्क विशेष कार्यसुविधा रु १६ लाख ९२ हजार, अतिथि सत्कारमा रु. ४ लाख 20 हजार, खानेपानी विजुली सरसफाईमा रु. १ लाख २० हजार र चाड पर्व खर्चमा रु २ लाख ९५ हजार तथा बैठक भत्ता रु ११ लाख ८८ हजार समेत रु. ७९ लाख ३ हजार खर्च भुक्तानी गरेको देखियो ।<br>कार्यालयले उल्लिखित अनुसारको रु.७९ लाख ३ हजार भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ ।</td><td></td></tr>
</table>

| क्र.सं. | भौ.नं. | भौ.मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६.२ | | | पदाधिकारी सुविधाः ३-०७८।६।५ स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को अनुसूचीमा गाउँपालिकाका पदाधिकारी तथा पाउने सेवा सुविधा सम्बन्धि व्यवस्था गरेको छ । कार्यालयले ऐनमा व्यवस्था अनुसार सेवा सुविधा उपलब्ध गराउनु पर्नेमा सो भन्दा वढी सुविधा उपलब्ध गराएको देखियो । पालिकाले अनुसुची भन्दा बढी सेवा सुविधा भुक्तानी भएको सम्बन्धितबाट असुल उपर गर्नुपर्ने रु | ६१,२०० |

| क्र स | नाम | खानेपानी र मर्मत | महिना | कर कटी पछिवढी |
|---|---|---|---|---|
| 1. | आम बहादुर घर्तिमगर | ४००० | ३ | १०२०० |
| 2. | ललित घर्तिमगर | ४००० | ३ | १०२०० |
| 3. | दल बहादुर घर्तिमगर | ४००० | ३ | १०२०० |
| 4. | खिम बहादुर घर्तिमगर | ४००० | ३ | १०२०० |
| 5. | भरत बहादुर बुढा मगर | ४००० | ३ | १०२०० |
| 6. | खर्क बहादुर घर्तिमगर | ४००० | ३ | १०२०० |
| | जम्मा | | | ६१२०० |

| क्र.सं. | भौ.नं. | भौ.मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **ननफाइलर**<br>आयकर ऐन, २०५८ को दफा ९८ अनुसार आयकर दर्ता भएका प्रत्येक ब्यक्ती/ ब्यवसायीले आय वर्ष समाप्त भएको ३ महिना भित्रका सो वर्षको आय विवरण आन्तरिक राजश्व विभागले तोकेको स्थानमा दाखिला गर्नु पर्ने वयवस्था छ । कार्यालयले निर्माण व्यवसायी मार्फत कार्यहरु गराउँदा विगत लामो समय देखि सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा आय विवरण दाखिला नगरि नन-फाइलर रहेको आपुर्तकहरुबाट निर्माण सामग्रीहरु खरिद गरेको देखियो । यसरी ब्यवसायिक कारोबार गर्ने तर आय विवरण दाखिला नगर्दा आयको चुहावट हुने भएकोले NonFiler भएका ब्यवसायीबाट कारोबार गर्ने कार्य नियन्त्रण हुनु पर्दछ । साथै देहाय अनुसार कारोबार भएका NonFiler ब्यवसायीहरुलाई आयकर ऐन, २०५८ को दफा ११७ बमोजिम कारवाहीकालागी सम्बन्धित राजश्व कार्यालयमा लेखि पठाउनु पर्ने देखिन्छ । | २७६,३०८ |

| क्र.सं. | भौ.नं. | भौ.मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | विजक नं | नन्फाइलर रहेको मिति | भुक्तानी रकम | मूअकर कर रकम |
|---|---|---|---|---|---|---|
| २४८-२०७८।९।२२ | भूमिका निर्माण सेवा | ६०७१२०७७० | २ | २०७८।M।८ | ४८१३०८ | ५५३७१ |
| २३७-२०७८।९।२२ | नकुल इन्जिनियरिङ कल्सन्ट्रेन्सी एण्ड कन्स्ट्रक्सन प्रा लि | ६०९९६१९१३ | १ | २०७८।M।७ | ३४५४०३ | ३९७३६ |
| २३६-२०७८।९।२२ | भूमिका निर्माण सेवा | ६०७१२०७७० | १ | २०७८।M।८ | ४१८९४१ | ५४४६२ |
| २५६-२०७८।९।३० | न्यू प्रविण कन्स्ट्रक्सन सेवा | ६०७८९६१०१ | ८ | २०७८।M।१० | २३१७८४ | २६६६५ |
| ३४७-२०७८।११।१२ | नकुल इन्जिनियरिङ कल्सन्ट्रेन्सी एण्ड | ६०९९६१९१३ | २ | २०७८।M।७ | ३४५०६८ | ३९६९८ |

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ.मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>कन्स्ट्रक्सन प्रा लि</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३३३-२०७८।११।११</td><td>गणेश नारायण निर्माण सेवा उद्योग</td><td>६०५२०५९८५</td><td>१</td><td>२०७८।M।७</td><td>३४५९४९</td><td>३९७९९</td></tr>
<tr><td>४५०-२०७९।१।४</td><td>गणेश नारायण निर्माण सेवा उद्योग</td><td>६०५२०५९८५</td><td>१</td><td>२०७८।M।७</td><td>१७८८६६</td><td>२०५७७</td></tr>
<tr><td></td><td colspan="4">hDdf</td><td></td><td>२७६३०८</td></tr>
</table>
कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रू.</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>दर्ता नभएको फर्मलाइ भुक्तानी<br>मुल्य अभिवृद्धि कर ऐन,२०५२ को १५ मा दर्ता नभएको व्यक्तिले कर उठाउन नहुने व्यवस्था रहेको छ । दर्ता नभएको व्यक्तिले कर असुल गरेको देखिने कुनै वीजक वा कागजात जारी गर्न र कर उठाउन नहुने तथा १५(२) मा दर्ता नभएको कुनै व्यक्तिले कर उठाएमा त्यसरी उठाएको कर निर्धारण गरि निजबाट असुल उपर गरिने व्यवस्था रहेको छ । पालिकाले मुल्य अभिवृद्धि करमा दर्ता नभएको जि सि निर्माण सेवालाइ रु १८३१२१० मा मु अ कर रु २००२६५ भुक्तानी दिएको सम्वन्धितवाट मुल्य समायोजन करको प्रमाण पेश गर्नुपर्ने अन्यर्था असुल गर्नुपर्ने रु</td><td>२००,२६५</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>भुक्तानीमा कर<br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु.९७५० अग्रिम कर कट्टी गरेको छैन। तसर्थ उक्त कर असुल हुनुपर्ने रु.</td><td>९,७५०</td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ.मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गोभौनं./मिति</td><td>विवरण</td><td>भुक्तानी रकम</td><td>करको दर</td><td>कर रकम</td></tr>
<tr><td>१४।२०७९-०१-०४</td><td rowspan="2">बागेश्वरी मा.वि.,पाराबाङ</td><td>४८७५००</td><td rowspan="2">१.५</td><td>७३१२</td></tr>
<tr><td>१९।२०७९-०१-१५</td><td>१६२५००</td><td>२४३८</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६५००००</td><td></td><td>९७५०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>
अनुगमन तथा सम्परीक्षण<br>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्र.सं.मा सम्परीक्षण भई गत वर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।<br>
(रू. हजारमा)
<table>
<tr><th>गत वर्षसम्मको बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</th><th>गत वर्षसम्मको बाँकी बेरुजू (C=A-B)</th></tr>
<tr><td>२७३४४०००</td><td>७०४३६७</td><td>२६६३९६३३</td></tr>
</table>
यस वर्ष आ.व. २०७७।७८ को फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।
<table>
<tr><th>सि.नं.</th><th>आ.व.</th><th>बेरुजु दफा नं.</th><th>बेरुजुको संक्षिप्त व्यहोरा ।फछ्र्यौटको आधार</th><th>सम्परीक्षण रकम</th></tr>
<tr><td>१</td><td>२०७३।७४</td><td>४</td><td>पेश्की फछ्र्यौट-अल्लो धागोको झोदा बनाइ कार्यक्र.सं.को आवश्यक विल भरपाइ पेश गरेको</td><td>१८५०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौ.मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>२०७३।७४</td><td>४</td><td>पेश्की फछ्र्यौट-स्वास्थ्य चौकी संचालनका लागि अ न मी पारिश्रमिक भुक्तानी गरेको तथा बाँकी रु ४१९३६७ बेरुजु दाखिला गरेको कागजात पेश गरेको</td><td>५१९३६७</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>७०४३६७</td></tr>
</table>
</td><td></td></tr>
</table>